भिजन इनर्जी एण्ड पावर लि.

Vision Energy and Power ltd.

"Energy for the prosperity of the Nation."

सातौं

वार्षिक प्रतिवेदन

आर्थिक वर्ष २०७८/०७९

7th ANNUAL REPORT

FY 2078/079

BOARD OF DIRECTORS

T. N. ACHARYA, FCA

Executive Chairman

Rajesh Kumar Shrestha

Director

(Representative: Nupche Likhu Hydro Investment Company Pvt. Ltd)

Er. Arun Rajauria

Director

(Representative: Hydroelectricity Investment and Development Company Ltd.)

Khageshwor Bohara

Director

(Representative: Nupche Likhu Hydro Investment Company Pvt. Ltd.)

Desh Bandhu Karki

Director

Snigdha Bhatta

Director

Yogendra Bhattarai

Director

Ramesh Adhikari

General Manager/ Company Secretary

भिजन इनर्जी एण्ड पावर लि.

का.म.न.पा. १०, नयाँ वानेश्वर, काठमाण्डौ

फोन नं ०१–५२४४९९८

Website: www.veplinfo.com

Email:visionenergy@veplinfo.com

सातौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

श्री शेयरधनी महानुभावहरू,

यस कम्पनीको मिति २०७९/०९/०१ गते बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार यस भिजन ईनर्जी एण्ड पावर लि. को सातौं बार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका बिषयहरू उपर छलफल गरी निर्णय गर्नको लागि बस्ने तय भएकोले कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारी तथा उपस्थितिका लागि अनुरोध गर्दै यो सूचना प्रकाशित गरिएको छ ।

सभा हुने मिति, समय र स्थान

मिति : २०७९/०९/२९ (तद्नुसार २०२२/०१/१३) शुक्रवार

समय : दिनको ११:०० बजे

स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय, नयाँ बानेश्वर, काठमाडौंबाट भर्च्युअल विधि, जुम मार्फत सभा गरिनेछ । सो सभामा सहभागिता जनाउन आवश्यक जुम लिङ्क साधारण सभा हुनुपुर्व ईमेल तथा एस.एम.एस. मार्फत उपलब्ध गराइनेछ ।

साधारण सभामा पेश हुने बिषयहरू :

(क) साधारण प्रस्ताव

१. आर्थिक वर्ष २०७८/७९ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन स्वीकृत गर्ने सम्बन्धमा ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७८/७९ को वार्षिक वित्तीय विवरण स्वीकृत गर्ने सम्बन्धमा ।

३. आर्थिक वर्ष २०७९/८० को लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा । (वर्तमान लेखापरीक्षक श्री पंकज थापा एसोसिएट्स् पुनः नियुक्तिको लागि योग्य हुनुहुन्छ ।)

४. कम्पनीको सञ्चालक समितिको गठन र अनुमोदन सम्बन्धमा ।

(ख) विशेष प्रस्ताव

१. स्थानीय तथा सर्वसाधारणलाई कम्पनीको साधारण शेयर जारी गर्ने सम्बन्धमा ।

२. कम्पनीको नियमावलीको नियम १४ संशोधन सम्बन्धमा (हकप्रद शेयर सम्बन्धी व्यवस्था गरिएको ।)

३. कम्पनीको साधारण शेयर जारी गर्ने सम्बन्धमा आवश्यक कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धमा ।

(ग) विविध

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

साधारण सभामा आफ्नो प्रतिनिधि नियुक्त गर्ने निवेदन (प्रोक्सी फारम)
कम्पनी ऐन, २०६३ को दफा ७१ को उपदफा (२) सँग सम्बन्धित

श्री सञ्चालक समिति
भिजन ईनर्जी एण्ड पावर लि.
का.म.न.पा. १०, नयाँवानेश्वर, काठमाण्डौं ।

विषय: प्रतिनिधि नियुक्त गरेको बारे ।

महाशय,

..... जिल्ला .....म.न.पा./उ.प.न.पा./न.पा./गा.पा./ वडा नं ..... बस्ने म/हामी ..... ले त्यस कम्पनीको शेयरधनीको हैसियतले विक्रम संवत् २०७९ साल पौष महिना २९ गतेका दिन हुने सातौं वार्षिक साधारण सभामा म/हामी स्वयं उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकोले उक्त सभामा मेरो/हाम्रो तर्फबाट भाग लिन तथा मतदान गर्नका लागि ..... जिल्ला ..... न.पा/उ.प.न.पा./गा.पा./ वडा नं ..... बस्ने त्यस कम्पनीका शेयरधनी श्री .....लाई मेरो/हाम्रो प्रतिनिधि मनोनित गरी पठाएको छु/छौं ।

प्रतिनिधि नियुक्त भएको व्यक्तिको नाम:

हस्ताक्षरको नमूना :
शेयरधनी नं :
मिति :

निवेदक

दस्तखत :
नाम :
ठेगाना :
शेयरधनी नं :

द्रष्टव्य : यो निवेदन साधारण सभा हुनु भन्दा कम्तिमा २ दिन अगावै कम्पनीको रजिष्टर्ड कार्यालयमा पेश गरी सक्नुपर्नेछ ।

साधारण सभाको कार्यक्रमहरू

क्र.सं	समय	कार्यक्रम
१	१०:४५–११:००	नाम दर्ता र चियापान
२	११:००–११:०५	आसन ग्रहणको कार्यक्रम तथा सभाको सभापतित्व ग्रहण
३	११:०५–११:०६	गणपूरक संख्या यकिन
४	११:०६–११:१०	सञ्चालक समितिका अध्यक्ष तथा विशिष्ठ अतिथिद्वारा सभा प्रारम्भ
५	११:१०–११:२०	सञ्चालक समितिको तर्फबाट स्वागत मन्तब्य
६	११:२०–११:३०	अध्यक्षज्यूको मन्तब्य सहितको प्रतिवेदन पेश
७	११:३०–११:३५	साधारण सभाका प्रस्तावहरू प्रस्तुत
५	११:३५–११:५०	सञ्चालक समितिको तर्फबाट कम्पनीका अध्यक्षद्वारा बार्षिक प्रतिवेदन प्रस्तुत
८	११:५०–१२:०५	आयोजनाको बारेमा तयार भएको प्रस्तुतीकरण प्रस्तुत
५	१२:०५–१२:३५	शुभकामना मन्तब्यहरू
१०	१२:३५–१२:४५	शेयरधनी महानुभावहरूका जिज्ञासा तथा अध्यक्षज्यूबाट सो को जवाफ
११	१२:४५–१२:५५	प्रस्तावहरू क्रमशः पेश तथा पारित
१२	१२:५५–१:००	साधारण सभाका सभापतिज्यूबाट साधारण सभाको विधिवत रूपमा समापन

विषय-सूची

क्र.सं.	विवरण	पेज नं
१.	अध्यक्षज्यूको मन्तब्य	५
२.	सञ्चालक समितिको वार्षिक प्रतिवेदन	७
३.	लेखापरीक्षण प्रतिवेदन	२२
४.	कम्पनीको आर्थिक वर्ष २०७८/७९ को वित्तीय प्रतिवेदनहरु	२४
५.	कम्पनी सम्बन्धी जानकारी	५४
६.	आयोजनाका मूख्य विशेषताहरु	५५
७.	संशोधित नियमावली	५६
८.	कम्पनीको नियमावलीमा गरिने संशोधनको तीन महले विवरण	५६
९.	आयोजना रहेको स्थान	५७
१०.	आयोजनाको Layout (Project Layout)	५८
११.	कम्पनीसँग सम्बन्धित केही तस्वीरहरु	५९

अध्यक्षको मन्तब्य

आदरणीय शेयरधनी महानुभावहरू,

वर्षौंदेखि लोडसेडिङको मार खेप्दै आएको हाम्रो देश निकै ठूलो ऊर्जासंकटको अन्त्यसँगै औद्योगिक युग तर्फ प्रवेशको चरणमा रहेको छ । नेपालमा साना ठुला गरी ६,००० भन्दा बढी नदि नालाबाट लगभग ८३,००० मेगावाट जलविद्युत उत्पादन गर्न सकिन्छ जसमध्ये करिब ४३,००० मेगावाटको उत्पादन आर्थिक रूपमा समेत सम्भव रहेको बुझिन्छ । सेतो सुनको रूपमा परिचित जलविद्युतले नेपालको ऊर्जासंकट अन्त्य गरी ऊर्जाको लागि अन्य देशसँगको निर्भरता सदाका लागि हटाउन सक्ने मात्र नभई अहिले भईरहेको पेट्रोलियम पदार्थको आयातका लागि बाहिरिने अर्बौं रूपैंयाँ जोगाइ देशको आर्थिक विकासमा ठूलो योगदान पुऱ्याउन सक्नेछ ।

यसका साथै वातावरणीय प्रदुषण कम गर्न महत्वपूर्ण भूमिका खेल्नेछ भने ऊर्जा निर्यात गरी ठूलो मात्रामा विदेशी मुद्रा आर्जन गर्न समेत सघाउनेछ । भारतमा विशेष गरी विहार र उत्तर प्रदेशमा निकै ठूलो ऊर्जा संकट रहेको तथा बंगलादेशमा हजारौं मेगावाट ऊर्जाको माग भईरहेको सन्दर्भमा नेपालले भूराजनीतिक सन्तुलन मिलाएर ऊर्जा निर्यात बढाउने बाटोमा लाग्न सफल भयो भने आगामी दिनहरूमा नेपालको आर्थिक विकास तिव्रतर रूपमा गर्न सकिने कुरामा दुईमत छैन ।

भिजन इनर्जी एण्ड पावर लि.द्वारा देशको ऊर्जा विकासका निम्ति 'Energy for the Prosperity of the Nation' भन्ने नाराका साथ मिति २०७३ श्रावण २ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भई आफ्नो पहिलो आयोजनाको रूपमा रामेछाप जिल्लाको उमाकुण्ड गाउँपालिकामा ५७.५ मेगावाट क्षमताको नुप्चे लिखु जलविद्युत आयोजना निर्माण गरिरहेको छ । यस आयोजनाबाट वार्षिक ३८१ गिगावाट आवर ऊर्जा उत्पादन हुनेछ जुन ऊर्जा हालको २०० युनिट प्रतिव्यक्ति खपतको दर अनुसार करिव १९ लाख मानिसको लागि पुग्ने ऊर्जा हो । १००० मिटर भन्दा बढी ग्रस हेड रहेको यो आयोजना मुलुककै निर्माणाधीन आयोजना मध्ये सबैभन्दा उच्च हेड भएको नमूना आयोजना हो । करीब १० अर्ब ५७ करोड रूपैयाँको लागत अनुमान गरिएको यस आयोजनामा सरकारी स्वामित्वमा रहेको हाईड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड (HIDCL) को रू. ५० करोड र अन्य लगानीकर्ताहरूको २ अर्ब १४ करोड गरी जम्मा २ अर्ब ६४ करोड स्वपूँजी तथा विभिन्न बैंकको ७ अर्ब ९३ करोड ऋण लगानी रहनेछ । मिति २०७९/०८/२३ मा (एनआइविएल एस क्यापिटलसँग) IPO निष्काशनको लागि सम्झौता भइसकेको छ । यो निष्काशन पछि कम्पनीको स्वपूँजी ३ अरव २५ करोड हुनेछ । IPO निष्काशनबाट प्राप्त रकम प्रवन्धपत्र तथा नियमावलीमा तोकिए बमोजिम उपयोग गरिनेछ ।

मिति २०७४/०२/१४ मा विद्युत विकास विभागबाट सर्वेक्षण अनुमतिपत्र प्राप्त गरी करिव ९ महिना भित्र नै मिति २०७४ साल फागुन २८ मा नेपाल विद्युत प्राधिकरणसँग विद्युत खरिद बिक्रि सम्झौता गर्ने, उत्पादन अनुमतिपत्र तथा विद्युत प्रसारण अनुमतिपत्र प्राप्त गर्ने जस्ता महत्वपूर्ण कार्यहरू सम्पन्न गरिसकी सिभिल संरचना निर्माणको कार्य, इलेक्ट्रोमेकानिकल, हाइड्रोमेकानिकल तथा प्रसारण लाईनका कार्यहरू भइरहेको छ । साथै सम्पूर्ण पहुँचमार्ग निर्माण पूरा

भएको, निर्माण कार्यको लागि विद्युत शक्ति पुगिसकेको र अन्य महत्वपूर्ण तयारीका कार्यहरू सबै सम्पन्न भईसकेका छन् । हालसम्म यस आयोजनाको भौतिक प्रगति ३० प्रतिशत रहेकोमा आगामी आ.व भित्र कूल ७० प्रतिशत कार्य सम्पन्न गर्ने योजनाका साथ निर्माण कार्यलाई अगाडि बढाईएको छ । निर्माण कार्यलाई तिव्रता दिनका लागि ठेकेदार कम्पनीको GAP विश्लेषण गरी चुस्त अनुगमन गर्ने, ठेकेदार कम्पनीको क्षमता अभिवृद्धि गर्न सशक्त र प्रभावकारी भूमिका निर्वाह गर्ने कार्य भइरहेकोले आगामी वर्षको लक्ष्य पूरा हुनेमा हामी विश्वस्त रहेका छौं ।

नोवल कोरोना (कोभिड–१९) भाइरसको कारण आयोजना निर्माण कार्य प्रगति वीचमा केही सुस्त भएपनि तोकिएको समयमा आयोजना सम्पन्न गर्न विभिन्न विकल्पहरू अवलम्बन गरी कार्य गर्न सञ्चालक समिति तथा कम्पनी व्यवस्थापन प्रतिवद्ध रहेको समेत जानकारी गराउन चाहन्छु ।

जलविद्युत कम्पनीमा भौतिक उपलब्धीमात्र होइन गुणस्तरीयता, पारदर्शिता र ख्यातिमा हुने उपलब्धीले पनि ठूलो अर्थ राख्दछ । यस कम्पनीले ISO 9001:2015 प्रमाणपत्र प्राप्त गरी सो बमोजिमका मापदण्ड तथा शर्तहरू पूर्णरूपमा पालना गरिरहेको छ । पहिलो संस्थागत सुशासन कायम गर्न आवश्यक पर्ने विभिन्न दिग्दर्शन र निर्देशिका तयार गर्ने र दोस्रो यस्ता दिग्दर्शन र निर्देशिकाहरू आयोजनाको भौतिक प्रगतिलाई अझ सक्षम बनाउने गरी लागू गर्नु हो । यी दुइवटै कार्यहरू सफलतापूर्वक पूरा गरेर प्राप्त गरेको यो प्रमाणपत्रको ओज र गरिमा हाम्रो प्रशासन प्रणाली, पारदर्शिता र योजना पद्धतिमा स्पष्ट देखिन्छ । यसको लागि उत्साह र समर्थन प्रदान गर्नुहुने सम्पूर्ण विभागीय प्रमुख, कर्मचारी लगायत शेयरधनी महानुभावहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

भिजन इनर्जी एण्ड पावर लि. ले आफ्नो आयोजनाबाट लगानीकर्ताको प्रतिफल सुरक्षित गर्ने मात्र होइन, ऊर्जा आपुर्ति, ऊर्जा आयात प्रतिस्थापन तथा ऊर्जा निर्यात मार्फत विदेशी मुद्रा आर्जन गरी देशको आर्थिक समृद्धिको निम्ति समेत महत्वपूर्ण भूमिका निभाउनेछ । लगानीको उच्चतम प्रतिफल सुनिश्चित गर्दै देशको भविष्य निर्माण कार्यमा हाम्रो यो प्रयास जारी रहनेछ । यो आयोजना तोकिएको समयमा सम्पन्न गर्न कम्पनी व्यवस्थापन कटिबद्ध छ र आयोजना समयमै सम्पन्न भएमा यो कम्पनी मुलुककै अग्रणी ऊर्जा उत्पादक कम्पनीको रूपमा स्थापित हुनेमा हामी विश्वस्त छौं । विगतमा झैं आउँदा दिनहरूमा पनि यहाँहरूको साथ, सहयोग र सर्मथन रहनेछ भन्ने कुरामा म लगायत सञ्चालक समिति पूर्ण रूपमा विश्वस्त छौं ।

व्यवसायिक यात्रा निरन्तरताको थकान रहित यात्रा हो । हामी यो आयोजनालाई एउटा उच्चतामा सफल गरेर बिसाउने छैनौं । यो आयोजना भन्दा पनि ठूला र राम्रा आयोजनाको खोजी गरी नयाँ जलविद्युत आयोजनाको निर्माण गर्ने समेत योजना रहेको अवगत गराउन चाहन्छौं । यही आयोजनाको क्यास्केड र लिखु नदिको सहायक खोलामा साना आयोजना बनाउने कम्पनीमा समेत यस कम्पनीको महत्वपूर्ण सहभागिता रहेको जानकारी गराउँदछु ।

अन्तमा, एक दुई गर्दै आज भिजन ईनर्जी एण्ड पावर लि. को सपना हजारौंको सपना बनेको छ । यो आयोजनाको व्यस्थापकीय सिद्धान्त र क्षमता नेपालको ऊर्जा क्षेत्रमा एउटा नमूना बनेको छ । साथै आगामी दिनमा यसको निर्माण पनि एउटा उदाहरण बनाउनुपर्ने चुनौती छ । यो आयोजना यहाँसम्म आइपुग्नमा र आगामी दिनमा सफल हुने कुरामा सम्पूर्ण शेयरधनी महानुभावहरू, कर्मचारी साथीहरू, सञ्चालक समिति र यस्तै गरी विद्युत नियमन आयोग, विद्युत विकास विभाग, नेपाल विद्युत प्राधिकरण लगायत ऊर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय, वन तथा वातावरण मन्त्रालय अन्तर्गतका विभिन्न विभागहरूको महत्वपूर्ण भूमिका रहेको छ । उपरोक्त लगायत सम्बद्ध सम्पूर्ण आदरणीय व्यक्तित्वहरू प्रति हार्दिक धन्यवाद दिन चाहन्छु । अन्त्यमा, यस्तै साथ र सहयोगको निरन्तरताको अपेक्षा समेत गर्दछु ।

धन्यवाद !

टि. एन. आचार्य, एफसिए

कार्यकारी अध्यक्ष

सञ्चालक समितिको तर्फबाट सातौं वार्षिक साधारण सभामा अध्यक्षज्यूबाट प्रस्तुत आ.व. २०७८/०७९ सञ्चालक समितिको वार्षिक प्रतिवेदन

आदरणीय शेयरधनी महानुभावहरू,

भिजन इनर्जी एण्ड पावर लि. (साविक भिजन इनर्जी एण्ड पावर प्रा. लि.) को सातौँ वार्षिक साधारण सभामा उपस्थित हुनु भएका प्रमुख अतिथि, विशिष्ट अतिथि, सञ्चालक समितिका सदस्यहरू, सम्पूर्ण शेयरधनी महानुभावहरू, आमन्त्रित महानुभावहरू, प्रतिनिधी महानुभावहरू तथा यस कम्पनीका कर्मचारी साथीहरूमा सञ्चालक समिति तथा मेरो व्यक्तिगत तर्फबाट यहाँहरु सबैलाई हार्दिक स्वागत गर्दछु । यस कम्पनीको साधारण सभामा उपस्थित भएर बार्षिक प्रतिवेदनका साथै कम्पनीका भावी योजनाहरू समेत प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्तै खुसी महशुस भएको छ । विगत आर्थिक वर्षमा जस्तै यस आर्थिक वर्ष पनि कम्पनीको बृहत्तर विकासको दृष्टिकोणले उपलब्धिमूलक रहेको व्यहोरा शेयरधनी महानुभावहरुलाई अवगत गराउँदछु ।

अन्तर्राष्ट्रिय अर्थतन्त्रको सम्बन्धमा

विश्वको कूल गार्हस्थ्य उत्पादन सन् २००० देखि २०२१ सम्ममा औषत ३.५८ प्रतिशतले बृद्धि हुँदै आएको देखिन्छ । यस वर्ष युक्रेन र रूसको वीचमा युद्धले विश्व अर्थतन्त्रले मुद्रास्फिति, बेरोजगारी, खाद्यान्नको अभाव लगायत अन्य आर्थिक समस्याहरूको सामना गर्नुपरेको छ । विश्वको अर्थतन्त्रको वृद्धिदर सन् २०२१ मा ६ प्रतिशत रहेकोमा सन् २०२२ मा ३.२ प्रतिशत मात्र रहने प्रक्षेपण गरिएको छ । ऊर्जाको सम्वन्धमा BP Statistical Review of World Energy 2022 का अनुसार विश्वको कूल ऊर्जा खपत सन् २०११ देखि सन् २०२१ सम्म औसतमा प्रति वर्ष १.३ प्रतिशतका दरले बृद्धि भएको देखिन्छ । अन्तर्राष्ट्रिय परिवेशलाई मध्यनजर गर्दा अन्तर्राष्ट्रिय अर्थतन्त्र बृद्धि भएसँगै ऊर्जाको माग बढ्दै गएको र अझै बढ्दै जाने देखिन्छ । सन् २०२१ मा मात्र प्राथमिक ऊर्जाको मागमा ५.८ प्रतिशतले बृद्धि हुन आएको देखिन्छ । देशको विकासको लागि ऊर्जालाई मेरूदण्डको रूपमा लिइन्छ । कुनै पनि देशको आर्थिक बृद्धिदरको प्रतिविम्वको रूपमा ऊर्जाको खपतलाई लिन सकिन्छ । आज जुन देशमा ऊर्जा बढी खपत भएको छ सो देशमा प्रति व्यक्ति आय पनि सोहि अनुसार रहेको तथ्याङ्कले देखाउँछ ।

हाल विश्वको अर्थतन्त्र विभिन्न समस्याको सामना गर्नुपरेता पनि स्वच्छ ऊर्जाको महत्व बढेर जाने कुरा हामीले विश्लेषण गरेका छौं ।

राष्ट्रिय अर्थतन्त्रको सम्बन्धमा



नेपालको कूल गार्हस्थ्य उत्पादन सन् २००२ देखि २०२१ सम्ममा औषत ४.२३ प्रतिशतले बृद्धि हुँदै आएको देखिन्छ । सन् २०२१ मा कूल गार्हस्थ्य उत्पादन ३६.२९ बिलियन यु.एस. डलर देखिन्छ जुन सन् २०२० मा ३३.६६ बिलियन यु.एस. डलर रहेको थियो । नेपालको कूल गार्हस्थ्य उत्पादन विश्वको तुलनामा कूल ०.०३ प्रतिशत हुन आउँदछ । आगामी केहि वर्षसम्म कोरोना महामारीको तथा युक्रेन रूस वीचको युद्धको प्रभाव अर्थतन्त्रमा परिरहने देखिन्छ तथापि विश्व अर्थतन्त्रको औसत आर्थिक बृद्धिदर भन्दा नेपालको बृद्धिदर माथि रहेको तथ्यवाट ऊर्जाको विकास मात्रात्मक ढंगले होइन गुणात्मक ढंगले गर्नुपर्छ भन्ने स्पष्ट देखिन आउँछ । सोको लागि सरकारी तथा निजी क्षेत्रवाट तद्नुरूप कार्य हुनु जरूरी छ ।

अर्थतन्त्रमा ऊर्जा मागको अवस्था

नेपालको सन्दर्भमा नेपाल विद्युत प्राधिकरणको तथ्याङ्क अनुसार नोभेम्वर २०२२ मा ऊर्जाको माग १५०८ मे.वा. रहेको छ । पछिल्लो समयमा विद्युत जडित क्षमता २२०५ मे. वा. पुगेको तथ्याङ्कले देखाएको छ । गत वर्षमा हासिल गरेको अर्को प्रमुख कोसेढुङ्गा भनेको भारतसँगको विद्युत कारोवार हो, जसमा नेपालले ३६४ मे.वा. सम्मको विद्युत निर्यात गर्न सकेको छ । धेरैजसो जलविद्युत आयोजना रन अफ रिभर भएकाले वर्षायाममा विद्युत उत्पादन माग भन्दा बढी भएपनि पूर्वाधारको अभावमा विद्युत आयात गर्नुपर्ने वाध्यता छ । साथै, प्रसारण प्रणालीको विस्तार गर्दै जाँदा ऊर्जाको माग अझै वढ्दै जाने देखिन्छ ।

नेपाल विद्युत प्राधिकरणको वार्षिक प्रतिवेदनमा उल्लेख भए अनुसार नेपालको आगामी सन् २०३९/४० सम्मको ऊर्जा मागको प्रक्षेपण निम्नानुसार रहेको देखिन्छ ।



Fiscal Year	Energy (Gwh)	Peak Load (Mw)
2021/22	13,952.00	3062.9
2022/23	15,332.65	3366.0
2023/24	16,869.13	3703.3
2024/25	18,579.53	4078.8
2025/26	20,585.22	4519.1
2026/27	22,826.63	5011.1
2027/28	25,332.50	5561.2
2028/29	28,111.30	6171.3
2029/30	31,196.38	6848.5
2030/31	34,355.49	7542.0
2031/32	37,861.08	8311.6
2032/33	41,754.21	9166.3
2033/34	46,079.83	10115.9
2034/35	50,887.42	11171.3
2035/36	56,007.87	12295.4
2036/37	61,677.62	13540.1
2037/38	67,957.59	14918.7
2038/39	74,913.54	16445.7
2039/40	82,620.73	18137.7

Source : नेपाल विद्युत प्राधिकरण

ऊर्जा मागको प्रक्षेपण अनुसार सन् २०२५/०२६ सम्ममा ऊर्जाको माग बृद्धि भएर ४५१९ मेगावाट र सन् २०३०/०३१ सम्ममा ७५४२ मेगावाट हुने देखिन्छ । देशको अर्थतन्त्रमा विकास हुँदै गएमा यो माग अझ बढ्नसक्ने देखिन्छ । दश बर्षमा १५ हजार मेगावाट विद्युत उत्पादन गर्ने, आन्तरिक खपत बढाउने, प्रसारण लाइन विस्तार गर्ने र वितरण प्रणाली सुदृढ बनाउने नीति कार्यान्वयनमा छन् ।

साथै राष्ट्रिय योजना आयोगको १५ औँ योजना अनुसार आ.व. २०८०/८१ सम्म ५२७० मे.वा. तथा २०८६/८७ सम्म १५,००० मे.वा. विद्युत उत्पादन गर्ने लक्ष्य रहेको छ । अन्तर्राष्ट्रिय विद्युत व्यापारका लागि पूर्वाधार निर्माण समेत भइरहेको अवस्था छ भने उत्पादित विद्युत खपत गर्न आन्तरिक रूपमा समेत आवश्यक पूर्वाधार निर्माण गरि आन्तरिक खपतलाई प्रोत्साहन गर्न जरूरी देखिन्छ ।

अर्थतन्त्रमा ऊर्जा आपूर्तिको अवस्था तथा सम्भावना

कुनै पनि देशको आर्थिक बृद्धिदरको प्रतिविम्वको रूपमा ऊर्जाको खपतलाई लिन सकिन्छ । आज जुन देशमा ऊर्जा बढी खपत भएको छ सो देशमा प्रतिव्यक्ति आय पनि सोहि अनुसार बढी रहेको तथ्याङ्कले प्रस्ट पारेको छ ।

नेपालमा जलश्रोतबाट मात्रै लगभग ८३,००० मे.वा. ऊर्जा उत्पादन गर्न सक्ने क्षमता रहेकोमा नेपाल विद्युत प्राधिकरणले ६,३६६ मे.वा. विद्युत उत्पादन क्षमता रहेका ३५७ वटा निजी क्षेत्रले अघि वढाएका आयोजनासँग विद्युत खरिद सम्झौता गरेको छ । आगामी वर्षहरूमा नेपालमा जलविद्युत उत्पादन बढ्ने देखिएसँगै अवको केहि वर्षमा विद्युतका लागि भारतमा निर्भरता क्रमिक रूपमा घट्ने छ । सन् २०२३ को जुलाई देखि एक वर्षको अवधिमा नेपालले १,२९६ मे.वा. विद्युत विक्री गर्दा १५७.५ मे.वा. आयात गरे पुग्ने र सन् २०२५ को जुलाई देखि एक वर्षको अवधिमा वर्षायाममा २,४५६.४ मे.वा. विद्युत निर्यात गर्दै गर्दा आयात भने शून्यमा झर्ने प्रक्षेपण गरिएको छ ।

पछिल्लो समयमा विद्युत जडित क्षमता २,२०५ मे.वा. पुगेको तथ्याङ्कले देखाएको छ जसमध्ये विभिन्न प्राविधिक एवं अन्य कारणले २० प्रतिशत ऊर्जा चुहावट हुने र हिउँदको समयमा नदीमा पानीको बहाव कम हुँदा उत्पादन जडित क्षमताको ३० देखि ४० प्रतिशत मात्र हुने कारणले ऊर्जाको आपूर्ति माग भन्दा धेरै कम हुने देखिन्छ ।

सन् २०२१/२२ मा ऊर्जाको आपूर्ति निम्नानुसार रहेको छ ।



प्रशस्त मात्रामा उद्योग कलकारखानाको विकास भई नसकेको अवस्थामा पनि भारतवाट करिब १४ प्रतिशत विद्युत खरिद गर्नु परेको तथ्य हामी समक्ष प्रस्ट छ । देश भित्र लगानीमैत्री वातावरण बन्दै गएको अवस्थाले गर्दा हाल धेरै आयोजनाहरू निर्माण हुन सुरू भइसकेका छन् । नेपाल, इन्डियन इनर्जी एक्सचेन्ज (IEX), प्रतिस्पर्धात्मक व्यापारिक प्लेटफर्म मार्फत ऊर्जाको खरिद तथा बिक्रीका लागि भारतीय पावर एक्सचेन्जमा प्रवेश भएपछि हिँउदमा आन्तरिक माग पूरा गर्न भारतबाट र बर्षामा अतिरिक्त विद्युतको व्यवस्थापन गर्ने मुद्दालाई केहि हदसम्म सम्बोधन गरिएको छ । साथै बङ्गलादेशसँग भएको ऊर्जा व्यापार सम्झौताले झन् ठूलो उत्साह थपेको छ भने अन्तर्राष्ट्रिय बजारमा विद्युत बिक्रीको उद्देश्यले निजी क्षेत्रबाट स्थापना भएको Nepal Power Exchange Ltd (NEPEX) ले नेपालको विद्युत भारतमा बिक्री गर्न NEPEX र भारतीय कम्पनी India's Manikaran Power Limited बीच सहमति समेत भइसकेको छ । यसैगरी हालै सम्पन्न Millennium Challenge Corporation (MCC) सम्झौता बमोजिमको कार्य सम्पन्न भएमा अन्तर्राष्ट्रिय बजारमा विद्युत निर्यातमा सहजता पैदा हुने देखिन्छ र नेपालमा उत्पादित ऊर्जा नेपालमा मात्र नभई सार्क राष्ट्रहरूमा समेत ऊर्जाको बजार विस्तारको लागि थप अवसर मिल्ने देखिन्छ ।

भिजन इनर्जी एण्ड पावर लि. को पृष्ठभूमी

नेपालमा रहेको अपार जलश्रोतलाई ऊर्जा उत्पादनमा उपयोग गर्ने गरी जलविद्युत आयोजनाहरूको विकास, निर्माण तथा सञ्चालन गरेर ऊर्जाको माग परिपूर्ति गर्न सहयोग गर्ने उद्देश्यले २०७३ साल श्रावण महिनामा भिजन इनर्जी एण्ड पावर लि. (साविक भिजन इनर्जी एण्ड पावर प्रा. लि.) को स्थापना भएको हो। हाल यस कम्पनीले रामेछाप जिल्लाको उमाकुण्ड गाउँपालिका (साविक गुम्देल गा.वि.स.) मा बहने नुप्चे र लिखु खोलाबाट ५७.५ मेगावाट क्षमताको नुप्चे लिखु जलविद्युत आयोजनाबाट विद्युत उत्पादनको लागि विद्युत विकास विभागबाट मिति २०७४ जेष्ठ १२ मा सर्वेक्षण अनुमति पत्र र मिति २०७६/१०/१२ मा विद्युत उत्पादन अनुमति पत्र प्राप्त गरी निर्माण कार्य अघि बढाईरहेको छ।

भिजन इनर्जी एण्ड पावर लि. ले पृथक पहिचान स्थापित गर्न मानेका अवधारणाहरू

१. योजना निर्माणमा गम्भीरताको अवधारणा

'एउटा राम्रो योजना कामको आधा समाप्ति हो' भने झैं हाम्रो कम्पनी योजना निर्माणमा गम्भीरता भएमात्र सफल हुन सकिन्छ भन्ने विश्वास गर्दछ।

२. कार्यान्वयनमुखी योजना एवं नयाँ सोचको स्वीकार्यताको अवधारणा

योजना निर्माण गर्दा आदर्शवादी ढङ्गले नभई वस्तुवादी ढङ्गले गर्नुपर्छ भन्ने हाम्रो दोस्रो व्यवस्थापकीय अवधारणा हो। हामी योजना निर्माण तथा कार्यान्वयनमा नयाँपन तथा सृजनात्मकता माथि विश्वास गर्दछौं। त्यसैले नयाँ सोच तथा सृजनात्मकतालाई स्वीकार्ने हाम्रो अवधारणा रहेको छ।

३. कार्यनीतिमा लचकता, रणनीतिमा दृढताको अवधारणा

कुनै पनि लक्ष्य निर्माण गरिसकेपछि यसलाई प्राप्ति गर्न एउटै बाटो मात्र काफी नहुन सक्छ। यसैले विद्युत उत्पादन गर्ने लक्ष्यलाई हासिल गर्न कार्यनीतिक लचकताको अवधारणामा विश्वास गर्छौं।

४. पारदर्शिता एवं सरोकारवालाहरूलाई समयमै सूचना

संस्थागत पारदर्शिता हाम्रो मूल मन्त्र हो। यसै अवधारणा अनुरूप हामीले विभिन्न Manuals, Guidelines तथा पर्याप्त Management Information System को विकास गरेका छौं। नियमित बैठक, अन्तरक्रिया, सम्पर्क, जानकारी तथा Feedback System हाम्रा अभिन्न अवधारणाहरू हुन्। यही अनुसार कम्पनीले सरोकारवालाहरुलाई समयमै सूचना प्रदान गर्दछ।

५. परिणाममूखी नीति तथा मार्गदर्शन (Guidelines)

हामी सुशासनमा विश्वास गर्दछौं। यसर्थ कम्पनीले तयार गरेका मार्गदर्शन तथा विनियमावलीहरू सकेसम्म परिणाममूखी बनाउने अवधारणा अनुरूप तयार गरिएका छ।

६. गूणस्तरीय लगानी एवं फराकिलो सहकार्यको अवधारणा

हामी गूणस्तरीय लगानीमा विश्वास गर्दछौं। गूणस्तरीय लगानीमा मानिसको मन र मस्तिष्क दुवै जोडिएको हुन्छ भन्ने हाम्रो ठम्याई छ। यही आधारमा हामी फराकिलो सहकार्यमा विश्वास गर्दछौं। हाम्रो समूहको विविधता, समावेशिता तथा चासो नै यसका सूचक हुन्।

७. गूणस्तरको सुनिश्चिततामा प्रतिबद्ध

अन्त्यमा, हामी योजना निर्माण, सूचना, पारदर्शिता कायम तथा विधिको निर्माण मात्र होइन यी सम्पूर्ण गूणस्तर मापन गर्ने अवधारणा परिपालनको सुनिश्चित गर्नुपर्छ भन्ने अवधारणामा विश्वास गर्छौं। सोही अनुरूप मूल्याङ्कन, अनुगमन तथा प्रोत्साहन प्रणालीको विकास गरेका छौं।

कार्य प्रगतिको समीक्षा

मिति २०८१/०५/०१ सम्ममा आयोजना निर्माण कार्य सम्पन्न गरी व्यवसायिक रूपमा विद्युत उत्पादन गर्ने हाम्रो लक्ष्य रहेको छ । आयोजनाको विस्तृत कार्य प्रगति निम्न बमोजिम रहेको छ :

क. छैठौं वार्षिक साधारण सभा सम्म (२३ पौष, २०७८) सम्पन्न भईसकेका कार्यहरुको सिंहावलोकन :

मिति २०७४/६/२९ मा ५७.५ मे.वा. को सर्वेक्षण अनुमति पत्र प्राप्त गरि परामर्शदाता मार्फत आयोजनाको सम्भाव्यता अध्ययन तथा Due Diligence Review गरी सम्बन्धित निकायमा प्रतिवेदन पेश गरेको । आयोजनाको Environment Impact Assessment (EIA) कार्यको लागि बन तथा वातावरण मन्त्रालयबाट आवश्यक स्वीकृति प्राप्त भएको । आयोजनाबाट उत्पादित विद्युत गर्ज्याङ्ग सब-स्टेसनमा जोड्ने गरी नेपाल विद्युत प्राधिकरणसँग ग्रिड सम्झौता भई मिति २०७४/११/२८ मा विद्युत खरिद बिक्रि सम्झौता Take or Pay अवधारणमा भएको, आयोजनाको वित्तीय व्यवस्थापन सम्बन्धमा माछापुच्छ्रे बैंक लि.को नेतृत्वमा कर्जा लगानी गर्ने गरी वित्तीय व्यवस्थापन समापन गरी कूल ७ अरब ९३ करोड ऋण सम्झौता भएको, मिति २०७६/१०/१२ मा विद्युत उत्पादन अनुमतिपत्र (Generation License) प्राप्त भएको ।

यसैगरी, सिभिल निर्माण कार्यको सम्झौता सम्पन्न गरी निर्माण व्यवसायीलाई आयोजना स्थलमा परिचालन गरी ३०० मिटर र भर्टिकल साफ्टमा ३० मिटर सुरूङ्ग उत्खनन् भईसकेको । इलेक्ट्रोमेकानिकल कार्यको लागि निर्माण व्यवसायी/आपूर्तिकर्ता छनौट भई सम्झौता भइसकेको र प्रतितपत्र (Letter of Credit) खोल्ने कार्य अन्तिम चरणमा रहेको तथा सम्झौता बमोजिमका प्रारम्भिक डिजाइन सम्वन्धी कार्यहरू निर्माण व्यवसायी/आपूर्तिकर्ताले शुरू गरिसकेको । हाइड्रोमेकानिकल (Hydromechanical) कार्यका लागि विस्तृत डिजाइन प्याकेज र Pipe and Gate Errection प्याकेज गरी २ प्याकेजमा बाँडी आपूर्तिकर्ता छनौट गरी सम्झौता सम्पन्न भईसकेको छ । प्रसारण लाइनको लागि निर्माण व्यवसायी/आपूर्तिकर्ता छनौट भई सम्झौता भइसकेको ।

आयोजनाको लागि आवश्यक निजी जग्गाहरू मध्ये शतप्रतिशत जग्गा खरिद गरिसकिएको छ भने प्रसारण लाइनको लागि खरिद गर्नुपर्ने जग्गाहरूको पहिचान कार्य भइसकेको छ । हाईड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड (HIDCL) ले यस कम्पनीमा रू. ५० करोड स्वपूँजी लगानी गर्ने सम्बन्धमा मिति २०७६ फागुन १८ गते सम्झौता भएको ।

पहुँचमार्ग सम्बन्धमा, उमातिर्थ मन्दिर देखि ल्हाक्षेवर गाउँसम्मको बाटो निर्माण कार्य सम्पन्न भईसकेको । गुम्देल देखि क्यामासम्मको बाटो स्तरोन्नति भईसकेको । सर्ज साफ्ट/आउटलेटसम्म पुग्ने पहुँच मार्गको कार्य सम्पन्न भइसकेको । लिखु हेडवर्कसम्म जाने पहुँचमार्गको निर्माण सम्पन्न भएको छ भने नुप्चे हेडवर्कसम्म जाने पहुँचमार्गको निर्माण कार्य अन्तिम चरणमा पुगेको । साथै अडिट पोर्टलसम्म जाने पहुँचमार्ग निर्माण कार्य भइरहेको ।

अन्य पूर्वाधारका सम्बन्धमा, लिखु नदीको पूल निर्माण कार्य भइरहेको । साथै, लिखु खोला र नुप्चे खोलाको Sediment Sampling कार्य सम्पन्न भइसकेको । नुप्चे खोलामा निर्माण गरिने पूलहरूको लागि निर्माण व्यवसायी साइटमा परिचालन भईसकेको ।

समग्रमा छैठौं वार्षिक साधारण सभासम्ममा हामीले आयोजनाको सम्भाव्यता अध्ययन, विद्युत उत्पादन अनुमतिपत्र प्राप्ति, विद्युत खरिद बिक्रि सम्झौता, माछापुच्छ्रे बैंक लि.को नेतृत्वमा ऋण सम्झौता, सिभिल कार्य, इलेक्ट्रोमेकानिकल, हाइड्रोमेकानिकल तथा प्रसारण लाईन निर्माण कार्यको लागि सम्झौता, सिभिल निर्माण व्यवसायीद्वारा सुरूङ्ग र भर्टिकल साफ्ट उत्खन्न् तथा आयोजनाको विभिन्न साइटमा पहुँचमार्ग निर्माण कार्य गरेका थियौं ।

ख. सातौं वार्षिक साधारण सभासम्मा भएका प्रगतिहरु :

१. सिभिल कार्य

क. पावरहाउस र टेलरेस

पावरहाउसको Foundation को Excavation भई Earthmat विछ्याउने काम सम्पन्न भईसकेको छ। Foundation को Raft Concreting को लागि Batching Plant Installation कार्य सम्पन्न भईसकेको र Bar Bending, Reinforcement को काम भइरहेको।

त्यसै गरी Tailrace को पनि Foundation को काम सम्पन्न भई संरचना निर्माणको काम भइरहेको। पावर हाउस र Tailrace को कुल प्रगति २.०७ प्रतिशत रहेको छ।

ख. लिखु हेडवर्क्स

लिखु हेडवर्क्स अन्तर्गत Settling Basin को Settling Zone मा Sub-structure को कार्य सम्पन्न भएर Superstructure को काम भईरहेको छ। त्यसैगरि, River Diversion को कार्य सम्पन्न भई Weir निर्माणको लागि Excavation को काम भईरहेको छ। लिखु हेडवर्क्सको (Settling Basin-9%, Weir -2%) कुल प्रगति ११ प्रतिशत रहेको छ। लिखु साइटमा क्रसर स्थापना भई सञ्चालनको क्रममा रहेको छ।

ग. नुप्चे हेडवर्क्स

नुप्चे हेडवर्क्स जाने पहुँच मार्गको कार्य मंसिर २०७९ को मध्यमा सम्पन्न भएकोले हेडवर्क्स संरचनाका निर्माणहरू शुरू हुने स्थितिमा रहेको साथै यसका लागि चाहिने सामाग्री, श्रमशक्ति र मेशिनहरू व्यवस्थापन भइरहेको छ। नुप्चे हेडवर्क्समा क्याम्प हाउस निर्माण लगायतका अन्य कार्यहरू भइरहेको। साथै नुप्चे टारमा क्रसर स्थानान्तरणको कार्य भइरहेको।

घ. Headrace Tunnel (सुरूङ)

जम्मा सुरूङ उत्खनन् कार्य ७,७७७ मि. मध्ये १,४४९ मि. सम्पन्न भएको छ र कूल प्रगति १८.६६ प्रतिशत रहेको छ।

- Penstock Tunnel: यसको उत्खनन् कार्य सम्पन्न भएको छ र कूल प्रगति शतप्रतिशत रहेको छ।
- Vertical Shaft: यसको उत्खनन् कार्य २९४ मि. मध्ये १७८.६ मि. सम्पन्न भएको छ र कूल प्रगति ६०.७५ प्रतिशत रहेको छ।
- Outlet to Adit Junction: यसको उत्खनन् कार्य १,३३० मि. मध्ये १४७.३ मि. सम्पन्न भएको छ र कूल प्रगति ११.०८ प्रतिशत रहेको छ।
- Surge Shaft: यसको उत्खनन् कार्य शुरू हुने अवस्थामा रहेको छ।
- Likhu Inlet to Nuphe Likhu Junction: यसको उत्खनन् कार्य १,३०० मि. मध्ये ३५४ मि. सम्पन्न भएको छ र कूल प्रगति २७.२३ प्रतिशत रहेको छ।
- Nupche Inlet to Nupche Likhu Junction: यसको उत्खनन् कार्य शुरू हुने अवस्थामा रहेको छ। यसका साथै Portal Preparation को काम भईरहेको छ।
- Adit to Adit Junction: यसको उत्खनन् कार्य ३५४ मि. मध्ये ३.५ मि. सम्पन्न भएको छ र कूल प्रगति ०.९९ प्रतिशत रहेको छ।
- Adit Junction to Outlet Portal: यसको उत्खनन् कार्य १,३३० मि. मध्ये १४७.३ मि. सम्पन्न भएको छ र कूल प्रगति ११.०८ प्रतिशत रहेको छ।

२. इलेक्ट्रोमेकानिकल (Electromechanical) कार्य

Electromechanical कार्यका निर्माण व्यवसायी/आपूर्तिकर्तासँग सम्झौता भई Powerhouse Design final गरी Excavation को कार्य सम्पन्न हुनुको साथै Earthmat and Earthing Protection System अन्तर्गत एमएस पाइप, एमएस रड लगायतका सामाग्रीहरूको ढुवानी भई विछ्याउने कार्य समेत सम्पन्न भइसकेको ।

Turbine Design स्वीकृत भई Turbine Fabrication को कार्य भइरहेको ।

Generators, Transformers, Protection Systems, Governor आदि ईलेक्ट्रिकल तथा मेकानिकल इक्युपमेन्टहरू डिजाइन स्वीकृतिको कार्य भइरहेको ।

यस Electromechanical कार्यको कुल प्रगति २.९० प्रतिशत रहेको छ ।

३. हाइड्रोमेकानिकल (Hydromechanical) कार्य

हाइड्रोमेकानिकल कार्यका सम्बन्धमा Hydromechanical Lot 1 को पाइप निर्माण भई कुल पाइपको ५४.८४ प्रतिशत पाइप उत्पादन भइसकेको र ५० प्रतिशत आयोजना स्थलमा ढुवानी भईसकेको ।

Pipe Erection को लागि निर्माण व्यावसायी साइटमा परिचालन भइसकेको र Pipe Bending का कामहरू, Penstock Alignment मा Erection का कामहरू भइरहेको ।

यस Hydromechanical कार्यको कुल प्रगति ५५.०७ प्रतिशत रहेको छ ।

४. ट्रान्समिसन लाईन कार्य

आयोजनाको १३२ के.भी. प्रसारण लाईनको अनुमतिपत्र मिति २०७८/१२/३० गते विद्युत विकास विभागबाट प्राप्त गरी सो सम्बन्धी कार्यको लागि निर्माण व्यवसायी/आपूर्तिकर्तासँग सम्झौता भई कार्य भइरहेको र हाल प्रसारण लाईनको Check Survey को कार्य सम्पन्न गरी प्रतिवेदन स्वीकृत भईसकेको ।

Transmission Line को लागि Soil Resistivity र Geo Technical Investigation पूरा भई प्रतिवेदन स्वीकृत भईसकेको ।

यसै कार्य अन्तर्गत टावर डिजाइन अन्तिम चरणमा रहेको र टावरका सामाग्रीहरूका लागि आपूर्तिकर्ताहरूसँग छलफल भईरहेको ।

नेपाल विद्युत प्राधिकरण गर्ज्याङ्ग सव-स्टेसनमा Bay Allocation को अनुमति प्राप्त भईसकेको । यसै Bay को लागि Backfill को काम सम्पन्न भई Protection Structure को डिजाइनको काम अन्तिम चरणमा रहेको ।

यस Transmission Line कार्यको कुल प्रगति १०.८२ प्रतिशत रहेको छ ।

५. आयोजनाको लागि रूख व्यवस्थापन तथा हस्तान्तरण :

आयोजनाको स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन बमोजिम आयोजना स्थलमा रूख कटान, मुछान, व्यवस्थापनका कार्यहरू भई आंशिक रूपमा हस्तान्तरणको भइसकेको छ भने स्वीकृत वातावरणीय परीक्षण प्रतिवेदन बमोजिम प्रसारण लाईनको लागि आयोजना स्थलमा रूख कटानको अनुमतिको कार्य अन्तिम चरणमा रहेको ।

६. जग्गा प्राप्ति सम्बन्धमा

आयोजना निर्माणको लागि आवश्यक जग्गाहरू खरिद भइसकेको । यसैगरी ट्रान्समिसन लाइनको लागि र नेपाल सरकारलाई जग्गा सोधभर्ना गर्न आवश्यक जग्गाहरू पहिचान गरी खरिद कार्य भईरहेको ।

७. पूर्वाधार विकास सम्बन्धी

पावरहाउस देखि क्याम्पहाउससम्म लगभग ६.९ कि.मि., आउटलेटतर्फको ८.५ कि.मि., लिखु हेडवर्क्स तर्फ ८.८ कि.मि., लिखु इन्लेट तर्फको करिव ५०० मीटर, नुप्चे हेडवर्क्स तर्फको करिव ११.८५ कि.मि., अडिट तर्फको २.६ कि.मि.. गरी लगभग ४० कि.मि. पहुँच मार्ग (Access Road) निर्माण सम्पन्न भएको ।

यसैगरी लिखु हेडवर्क्स, आउटलेटतर्फ Rehabilitation को कार्य सम्पन्न भइसकेको छ भने आउटलेटतर्फ दाश्रो चरणको, लिखु हेडवर्क्स, नुप्चे हेडवर्क्स, अडिटमा Rehabilitation को कार्य भईरहेको छ । पहुँच मार्ग शतप्रतिशत सम्पन्न भएको छ ।

पूर्वाधार विकास अर्न्तगत शिवालय टाडदिङ सडक लगायत अन्य आन्तरिक सडक तथा पहुँचमार्गहरू आवश्यकता बमोजिम निरन्तर मर्मत–सम्भार कार्य भइरहेको र सामाजिक उत्तरदायित्व अन्तर्गत विभिन्न मध्यमार्गी सडकहरू स्थानीय निकायको माग बमोजिम स्तरोन्नतिको कार्यहरू भइरहेको ।

नुप्चे तर्फको Bridge-2 र लिखु खोलामा पनि पूल निर्माणको कार्य सम्पन्न भईसकेको र नुप्चे खोलामा रहेको Nupche Bridge 1 को कार्य भइरहेको । पूल निर्माणको कूल प्रगति ६६.६७ प्रतिशत रहेको छ ।

८. कन्सट्रक्सन पावर सम्बन्धी

आउटलेट एरिया र लिखु हेडवर्क्सको लागि कन्सट्रक्सन पावरको कार्य अन्तिम चरणमा रहेको । साथै कन्सट्रक्सन पावर लाइन जडानको लागि भिजन इनर्जी, दुगर ग्रुप र ने.वि.प्रा. विच त्रिपक्षीय सम्झौता सम्पन्न भई Camphouse, Powerhouse, Vertical Shaft, Outlet Army Camp र NTC Tower मा जडान भइसकेको ।

कन्सट्रक्सन पावरको कूल प्रगति ४५.४५ प्रतिशत रहेको छ ।

९. गुणस्तर सुनिश्चितता सम्बन्धी

यस अवधिमा कम्पनीले ISO 9001:2015 को सर्टिफिकेट मिति २०७७ माघ २० मा प्राप्त गरेको छ ।

१०. अन्य महत्वपूर्ण कार्यहरु

क. ICRA Nepal सँग मिति २०७६ फागुन ४ गते सम्झौता भई क्रेडिट रेटिङको कार्य सम्पन्न गरेको छ ।

ख. सामाजिक उत्तरदायित्व अन्तर्गत स्कूल Fencing को काम भइसकेको

ग. वातावरण व्यवस्थापन योजना अनुसार स्थानीय स्तरमा १४,००० विरूवा बृक्षारोपण कार्य सम्पन्न गरी गौरीशंकर संरक्षण क्षेत्रलाई जानकारी गराइएको ।

घ. नेपाल प्रहरी, मन्थलीलाई सामाजिक उत्तरदायित्व अन्तर्गत १ थान कम्प्युटर सेट प्रदान गरिएको ।

ङ. यस कम्पनीलाई पब्लिक लि. कम्पनीमा परिवर्तन गरिएको ।

च. IPO निष्काशनको लागि धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धकसँग सम्झौता सम्पन्न भइसकेको ।

छ. लिखु हेडवर्क्समा अपरेशन भवनको निर्माण कार्य सम्पन्न भएको छ भने नुप्चे हेडवर्क्समा शुरू भएको छ ।

ज. कम्पनीको वेवसाईटको पुर्नसंरचना र नियमित अद्यावधिक भइरहेको छ ।

यसरी आयोजनाको समग्र प्रगति २४.६८ प्रतिशत र भौतिक प्रगति लगभग २८.०७ प्रतिशत रहेको छ ।

उपरोक्त अनुसारका कार्यहरूको हालसम्मको प्रगति प्रतिशत निम्न तालिकामा रहेको छ ।

सि. नं.	मुख्य शीर्षक	कार्य विवरण	युनिट	जम्मा परिमाण	सम्पन्न	प्रतिशत	कैफियत
१	सिभिल कार्य	सरफेस (Surface)					
		पावरहाउस र टेलरेस	Job	100%	Earthmat Installiation & PCC	२.७७%	
		लिखु हेडवर्क्स	Job		Sub structure of Settling Zone of Settling Basin, exavation of foundation of weir and flood wall	११.००%	
		नुप्चे हेडवर्क्स	Job	100%	work to be started yet	0.00%	
		अन्डर ग्राउण्ड (Underground) कार्य					
		पेनस्टक टनेल	m	766.00	766	१००.००%	
		भर्टिकल साफ्ट	m	294.00	178.6	६०.७५%	
		आउटलेट पोर्टल देखि एडिट जक्सन	m	1,330.00	147.3	११.०८%	
		सर्जसाफ्ट	m	46.00	0	0.00%	
		लिखु ईन्लेट देखि नुप्चे लिखु जक्सन	m	1,300.00	354	२७.२३%	
		नुप्चे ईन्लेट देखि नुप्चे लिखु जक्सन	m	1,300.00	0	0.00%	
		अडिट पोर्टल देखि एडिट जक्सन	m	354.00	3.5	०.५५%	
		अडिट जक्सन देखि नुप्चे लिखु जक्सन	m	575.00	0	0.00%	
		अडिट जक्सन देखि आउटलेट पोर्टल	m	1,300.00	0	0.00%	
		नुप्चे लिखु जक्सन देखि लिखु ईन्लेट	m	136.00	0	0.00%	
		नुप्चे लिखु जक्सन देखि नुप्चे ईन्लेट	m	376.00	0	0.00%	
		जम्मा हेडरेस टनेल (अन्डर ग्राउण्ड) कार्य	m	7,777.00	1,449.40	१८.६४%	
२	हाइड्रो मेकानिकल (Hydromechanical) कार्य	स्टिल पाइप र एक्ससरिज सप्लाई	प्रतिशत (%)	१००.००	Transportation of pipes	५४.८४%	
		पेनस्टक पाइप इरेक्सन-अलाइन्मेन्ट	प्रतिशत (%)	१००.००	Bending works of pipes	०.२३%	
		भर्टिकल साफ्ट पाइप इरेक्सन	प्रतिशत (%)	१००.००		0.00%	
		पेनस्टक टनेल इरेक्सन	प्रतिशत (%)	१००.००		0.00%	
		लिखु हेडरेस पाइप इरेक्सन-अलाइन्मेन्ट	प्रतिशत (%)	१००.००		0.00%	
		नुप्चे हेडवर्क्स पाइप इरेक्सन-अलान्मेन्ट	प्रतिशत (%)	१००.००		0.00%	

सि. नं.	मुख्य शीर्षक	कार्य विवरण	युनिट	जम्मा परिमाण	सम्पन्न	प्रतिशत	कैफियत
३	इलेक्ट्रो मेकानिकल (Electrome-chanical) कार्य	डिजाइन एण्ड फेब्रिकेशन	प्रतिशत (%)	१००.००	Design of Turbine	२.८०%	
		सप्लाई एण्ड इरेक्सन	प्रतिशत (%)	१००.००	supply of earthing an lighting protection system	०.१०%	
४	ट्रान्समिसन लाईन कार्य	सप्लाई र डेलिभरी	प्रतिशत (%)	१००.००		०.००%	
		निर्माण र जडान	प्रतिशत (%)	१००.००	Design of Towers	१०.८२%	
५	पूर्वाधार	पहुँच मार्ग					
		पहुँच मार्ग (आन्तरिक)	कि.मि.	४०.००	आयोजनाका पहुँचमार्ग पावर हाउस देखि हेडवर्क्स सम्म सम्पन्न	१००.००%	
		पहुँच मार्ग (वाह्य)	कि.मि.	लम्प सम्प	शिवालय देखि टाङदिङ सम्मको सडकको स्तरोन्नति		
		कन्सट्रक्सन पावर	कि.मि.	२२.००	10.00	४५.४५%	
		पूल निर्माण	संख्या	३.००	2	६६.६७%	लिखु र नुप्चे पूल-२ सम्पन्न
		क्याम्प हाउस	संख्या	३.००	2	६६.६७%	मूख्य क्याम्प र लिखु हेडवर्क्सको काम सम्पन्न
		जग्गा प्राप्ति सम्बन्धमा	रोपनी				
६	सामाजिक उत्तरदायित्व	सामाजिक उत्तरदायित्व	रू.	६५,२१४,५६३.००			

उपरोक्त विवरणका साथै यस कम्पनीले चुस्त व्यवस्थापनलाई सफलताको कडी मान्दै सोही अनुसार तयारी र कार्यान्वयन गर्दै आएको छ । कम्पनीको वेवसाईटमा नियमित रूपमा प्रगति विवरण अध्यावधिक गरी जानकारी लिन सकिने व्यवस्था मिलाईएको छ ।

लेखापरीक्षणको आधारमा वित्तीय विवरण

वि.सं २०७९ आषाढ मसान्त सम्मको वित्तीय विवरण पंकज थापा एसोसिएट्स्, चार्टर्ड एकाउन्टेन्ट्सद्वारा लेखापरीक्षण सम्पन्न गरिएको छ । जस अनुसार वि.सं २०७९ आषाढ मसान्त सम्म कम्पनीको अधिकृत पूँजी रू. ३,२५,००,००,००० (तीन अरब पच्चीस करोड), जारी पूँजी रू. ३,२५,००,००,००० (तीन अरब पच्चीस करोड) र चुक्ता पूँजी रू. ६९,५८,८३,८०० (उनान्सत्तरी करोड अन्ठाउन्न लाख त्रियासी हजार आठ सय) रहेको छ र अग्रिम शेयर भुक्तानी रू. ८९,०२,२६,३१७ (उनान्नब्बे करोड दुई लाख छब्बिस हजार तीन सय सत्र) रहेको छ । कम्पनीले वि.सं २०७९ आषाढ मसान्तसम्म गरेको पूँजीगत खर्च रू. १,२६,३५,६९,६९६ (एक अर्ब छब्बिस करोड पैंतिस लाख उनान्सत्तरी हजार छ सय छयान्नब्बे) लाई आयोजना निर्माणाधीन शीर्षकमा पूँजीकरण गरिएको छ । कम्पनीको कूल चालु सम्पत्ति रू. ८३,४६,७६,६४५ (त्रियासी करोड छयालिस लाख छयहत्तर हजार छ सय पैंतालिस) मध्ये नगद तथा बैंक खातामा रू. २,०८,०६,७०९ (दुई करोड आठ लाख छ हजार सात सय नौ) रहेको छ भने बाँकी धरौटी रकम र अन्य उठाउन बाँकी रकमहरू रहेका छन् । कम्पनीको चालु दायित्व जम्मा रू. ४,२३,३१,९९९ (चार करोड तेइस लाख एकतिस हजार नौ सय उनान्सय) रहेको छ जसमा भुक्तानी गर्न बाँकी विभिन्न रकमहरू रहेका छन् ।

कम्पनीको मूख्य उद्देश्य शेयरधनी महानुभावहरुको लगानीमा उचित प्रतिफल सुनिश्चित गर्दै लगानीमा अभिबृद्धि तथा आयोजनाको विस्तारीकरण गर्नु रहेको छ । यसले ऊर्जा संकटको वर्तमान राष्ट्रिय समस्या समाधानमा योगदान गर्ने निश्चित छ । तसर्थ हामीले अत्यन्तै जिम्मेवारीवोधका साथ नेपाली जनताको लगानी भएको कम्पनीको रुपमा स्थापित कम्पनीको रूपमा विकास गर्ने दूरदृष्टि (Vision) राखी अगाडि बढेका छौं । हामीलाई विश्वास छ तोकिएको लक्ष्य प्राप्त गर्न तपाईहरुको साथ र सहयोग हरदम रहनेछ ।

अब म यस गरिमामय सभामा सञ्चालक समितिको तर्फबाट आ.व. २०७८/७९ को वार्षिक प्रतिवेदन तथा सोही बर्षको लेखापरीक्षण सम्पन्न भइसकेका वित्तीय विवरणहरू संक्षिप्त रूपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

आर्थिक वर्ष २०७८/७९ को कारोवारको सिंहावलोकन

कम्पनीले आ.व. २०७८/७९ बाट अनिवार्य रुपमा नेपाल वित्तीय प्रतिवेदन मापदण्ड (Nepal Financial Reporting Standards-NFRS) तथा अन्तर्राष्ट्रिय वित्तीय प्रतिवेदन मापदण्ड (International Financial Reporting Standards-IFRS) अनुसार वित्तीय विवरण तयार गरेको छ ।

आ.व. २०७८/७९ को वित्तीय उपलब्धिहरूको अवस्था निम्न बमोजिम रहेको छ :-

आम्दानी

कम्पनीले आ.व. २०७८/७९ सम्ममा ब्याज तथा अन्य आम्दानी वापत रू. २,१४,०४,६४२ (दुई करोड चौध लाख चार हजार छ सय बयालिस) प्राप्त गरेको छ । आ.व. २०७७/७८ सम्ममा यस्तो आम्दानी रू. ९५,५६,५९१ (पन्चान्नब्बे लाख छपन्न हजार पाँच सय एकान्नब्बे) थियो ।

आयोजनाको निर्माणाधीन पूँजीगत खर्च



कम्पनीले नुप्चे लिखु जलविद्युत आयोजना निर्माण प्रयोजनका लागि गरेको खर्चलाई आयोजना निर्माणाधीन शीर्षकमा पूँजीगत खर्चको रूपमा देखाएको छ ।

वि.सं २०७९ आषाढ मसान्तसम्म कूल आयोजना निर्माणधीन पूँजीगत खर्च रू. १,२६,३५,६९,६९६ (एक अर्ब छब्बिस करोड पैंतिस लाख उनान्साठी हजार छ सय छ्यान्नब्बे) रहेको छ । जसमध्ये प्रारम्भिक खर्चतर्फ रू. २४,६०,५१,८४६ (चौविस करोड साठ्ठी लाख एकाउन्न हजार आठ सय छ्यालीस), सिभिल कार्य तर्फ रू. २३,४८,८९,३९१ (तेइस करोड अठ्चालिस लाख उनान्नब्बे हजार तीन सय एकान्नब्बे), ईलेक्ट्रोमेकानिकल कार्य तर्फ रू. १,८५,५८,०९९ (एक करोड पचासी लाख अन्ठाउन्न हजार उनान्सय), हाइड्रोमेकानिकल कार्य तर्फ रू. ३५,६०,९०५ (पैतिस लाख साठ्ठी हजार नौ सय पाँच), ट्रान्समिसन लाईन कार्य तर्फ रू. १,२९,३१,६२७ (एक करोड उनान्तीस लाख एकतीस हजार छ सय सत्ताइस), जग्गा प्राप्तितर्फ रू. ६,९८,१७,५६२ (छ करोड अन्ठान्नब्बे लाख सत्र हजार पाँच सय बैसठ्ठी), प्राजेक्ट सुपरभिजन, म्यानेजमेन्ट एण्ड इन्जिनियरिङ्ग तर्फ रू. ९,४७,९५,२६५ (नौ करोड सत्चालिस लाख पन्चान्नब्बे हजार दुई सय पैंसठ्ठी), डिपिआर तर्फ रू. २,७०,१७,५१० (दुई करोड सत्तरी लाख सत्र हजार पाँच सय दश), साइट भवन तर्फ रू. ६,८१,५३,१३२ (छ करोड एकासी लाख त्रिपन्न हजार एक सय बत्तीस), पूर्वाधार निर्माण तर्फ रू. ३६,८६,४८,४६५ (छत्तीस करोड छ्यासी लाख अठ्चालिस हजार चार सय पैंसठ्ठी), सामाजिक जिम्मेवारी तर्फ रू. ५,०६,१४,९८४ (पाँच करोड छ लाख चौध हजार नौ सय चौरासी) र बैंक ऋण व्यवस्थापन तर्फ रू. ५,६५,०४,००० (पाँच करोड पैसठ्ठी लाख चार हजार) खर्च भएको छ ।

आर्थिक बर्ष २०७८/७९ को अन्त्यसम्मको सम्पत्ति तथा निर्माणधिन पूँजीगत खर्च निम्न बमोजिम रहेको छ ।

क्र.स.	सम्पतिका शीर्षकहरू	रकम (रू.)
क	**Non Current सम्पत्ति**	
१	स्थिर सम्पत्ति	२,८८,६६,६६१
२	आयोजना पूँजीगत खर्च	१,२६,३५,६९,६९६
३	अन्य लगानी	१०,००,०००
	कूल Non Current सम्पत्ति (क)	१,२९,३४,३६,३५७
ख	**चालु सम्पत्ति**	
१	पेश्की	७२,५८,४७,९३६
२	धरौटि	८,८०,२२,०००
३	नगद मौज्दात	२,०८,०६,७०९
	कूल चालु सम्पत्ति (ख)	८३,४६,७६,६४५
	कूल सम्पति (क+ख)	२,१२,८१,१३,००३

सञ्चालक समिति

यस कम्पनीमा हाल ७ सदस्यीय सञ्चालक समिति रहेको छ । सञ्चालक समितिमा जलविद्युत, वित्तीय व्यवस्थापन लगायत विभिन्न क्षेत्रका लब्धप्रतिष्ठित व्यक्तिहरू रहनु भएको छ । सञ्चालक समितिका वर्तमान सदस्यहरूको विवरण निम्नानुसार रहेको छ :

सि. नं.	सञ्चालकहरूको नाम	पद	देखि	सम्म
१	श्री टेकनाथ आचार्य, एफसिए	अध्यक्ष	२०७३/०४/०२	हालसम्म
२	श्री राजेश कुमार श्रेष्ठ (प्रतिनिधिः नुप्छे लिखु हाइड्रो इन्भेष्टमेन्ट कम्पनी प्रा. लि.)	सञ्चालक सदस्य	२०७५/०५/०७	हालसम्म
३	श्री अरूण रजौरिया (प्रतिनिधिः हाईड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड)	सञ्चालक सदस्य	२०७७/०८/२९	हालसम्म
४	श्री खगेश्वर बोहरा (प्रतिनिधिः नुप्छे लिखु हाइड्रो इन्भेष्टमेन्ट कम्पनी प्रा. लि.)	सञ्चालक सदस्य	२०७५/०८/०३	हालसम्म
५	श्री देशबन्धु कार्की	सञ्चालक सदस्य	२०७४/११/०५	हालसम्म
६	श्री स्निग्धा भट्ट	सञ्चालक सदस्य	२०७३/०४/०२	हालसम्म
७	श्री योगेन्द्र भट्टराई	सञ्चालक सदस्य	२०७६/१२/०४	हालसम्म

यसैगरी सञ्चालक समितिका भूतपूर्व सदस्यहरूको विवरण निम्न बमोजिम रहेको छ :

सि. नं.	नाम, थर	पद	देखि	सम्म
१	श्री रमेश अधिकारी	सञ्चालक सदस्य	२०७३/०४/०२	२०७७/०४/१८
२	श्री भिमसेन कुमार गौतम	सञ्चालक सदस्य	२०७३/०४/०२	२०७६/१२/०४
३	श्री लक्ष्मण थापा	सञ्चालक सदस्य	२०७३/०४/०२	२०७४/११/०२
४	श्री सरोज कोइराला, एफसिए	सञ्चालक सदस्य	२०७३/०४/०२	२०७५/०५/०७
५	श्री अमरनाथ श्रेष्ठ	सञ्चालक सदस्य	२०७४/११/०५	२०७५/०८/०२

नोटः श्री रमेश अधिकारीज्यू मिति २०७७/०५/०१ देखि कम्पनीको महाप्रवन्धकको रुपमा नियुक्त हुनुभएको छ ।

सञ्चालक समिति सदस्यको शेयर स्वामित्वको विवरण

मिति २०७९/०३/२४ मा कम्पनी रजिष्ट्रारको कार्यालयबाट प्रमाणित गरी लिईएको शेयर लगत अनुसार यस कम्पनीका सञ्चालक सदस्यहरूले लिएको शेयरको स्वामित्वको विवरण निम्न बमोजिम रहेको छ :

सि. नं.	सञ्चालकहरूको नाम	पद	शेयर संख्या
१	श्री टेकनाथ आचार्य, एफसिए	अध्यक्ष, सञ्चालक समिति	४,००,००० कित्ता
२	श्री राजेश कुमार श्रेष्ठ (प्रतिनिधिः नुप्छे लिखु हाइड्रो इन्भेष्टमेन्ट कम्पनी प्रा. लि.)	सदस्य, सञ्चालक समिति	२०,५०,००० कित्ता
३	श्री खगेश्वर बोहरा (प्रतिनिधिः नुप्छे लिखु हाइड्रो इन्भेष्टमेन्ट कम्पनी प्रा. लि.)	सदस्य, सञ्चालक समिति	
४	श्री अरूण रजौरिया (प्रतिनिधिः हाईड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड)	सदस्य, सञ्चालक समिति	२५,००,००० कित्ता
५	श्री देश बन्धु कार्की	सदस्य, सञ्चालक समिति	६४,७७५ कित्ता
६	श्री स्निग्धा भट्ट	सदस्य, सञ्चालक समिति	५४,८९९ कित्ता
७	श्री योगेन्द्र भट्टराई	सदस्य, सञ्चालक समिति	१५०,००० कित्ता

★*नोट : उपरोक्त शेयर संख्या कम्पनीको स्वीकृत शेयरलगत बमोजिम राखिएको छ भने थप भएका रकम सहितको शेयर लगत स्वीकृतिका लागि आवश्यक कार्यहरु भइरहेको छ ।*

समिति तथा उप-समिति

कम्पनीको विभिन्न पक्षलाई व्यवस्थित बनाउन संस्थाले विभिन्न समिति तथा उपसमितिहरूको गठन गरेको छ । हाल उच्चस्तरीय समन्वय उप-समिति, लेखापरीक्षण समिति तथा स्थानीय उप-समिति गरी ३ वटा समिति तथा उपसमिति रहेका छन् ।

स्थानीयसँगको सहकार्य सम्बन्धमा

कुनै पनि आयोजनाहरू स्थानीय जनता र सरोकारवाला व्यक्ति र निकायसँगको सहकार्य विना सम्भव छैन भन्ने तथ्यलाई मध्यनजर गरी कम्पनीले नुप्चे लिखु जलविद्युत आयोजना क्षेत्रका स्थानीय जनतासँग सहकार्य गर्दै अघि बढ्ने नीति लिएको छ । आयोजना स्थलका विभिन्न व्यक्तिहरूलाई कम्पनीको संस्थापकको रूपमा कम्पनीमा संलग्न गरिएको छ । त्यस्तै कम्पनीको सामाजिक उत्तरदायित्व अन्तर्गत स्थानीय गुम्बा तथा मन्दीरको पुर्ननिर्माण कार्यको लागि आर्थिक तथा भौतिक सहयोग गरेको छ । सामाजिक उत्तरदायित्व अन्तर्गत रही भण्डार- चरी- गुम्देल- क्यामासम्मको लगभग १६ कि.मि. बाटो स्तरोन्नति भईसकेको छ र यसै अन्तर्गत नयाँ ३ कि.मि. सडक निर्माण गरिएको छ । उक्त सडकको किनारमा ग्याविन लगाउने, नाली बनाउने तथा अन्य संरचना सुधारका कार्यहरू गरिएको छ । यसैगरी आयोजनाको क्याम्प हाउस नजिक रहेको विद्यालयको सुरक्षाको लागि काँडेतार र जस्ताद्वारा विद्यालय वरिपरी घेरा लगाइएको छ । आयोजना स्थलमा रहेको गाँउ बस्तीमा सुरक्षाको दृष्टिकोणले सडकमा fencing को कार्य सम्पन्न भएको छ । बर्षाले गर्दा ध्वस्त पारिएको शिवालय क्षेत्रमा पर्ने मध्यमार्गी सडकको स्तरोन्नतिका लागि ग्याविन जाली लगाउने, backfilling र आवश्यक ठाउँमा ढलान समेत गरीएको छ ।

यसरी स्थानीय स्तरका विद्यालय लगायत धार्मिक, सांस्कृतिक तथा पूर्वाधार विकासका क्षेत्रमा आवश्यकता बमोजिम निरन्तर सहयोग गर्ने नीति रहेको छ ।

आन्तरिक नियन्त्रण प्रणाली

कम्पनीको आन्तरिक नियन्त्रण प्रणाली सक्षम र प्रभावकारी बनाउन हरसम्भव प्रयास गरिएको छ । कम्पनीले हालसम्म मानव संशाधन तथा वित्तीय दिग्दर्शन बनाई लागु गरिसकेको छ भने सुशासन मार्गदर्शन, आयोजनाको लागि प्रशासनिक तथा वित्तीय नियमहरू, कम्पनीको ब्राण्डीङ्ग मार्गदर्शन, आन्तरिक लेखापरीक्षण मार्गदर्शन जस्ता नीति र नियमहरू बनाई लागु गरिएको छ । यसै गरी कम्पनीले विभिन्न कार्यविधिहरू निर्माण गरि कार्यान्वयन गरेको छ ।

जलविद्युत कम्पनीमा भौतिक उपलब्धीमात्र होइन गुणस्तरीयता, पारदर्शिता र ख्यातिमा हुने उपलब्धीले पनि ठूलो अर्थ राख्दछ । कम्पनीको आन्तरिक नियन्त्रण प्रणाली विश्वस्तरीय बनाई संचालन गर्ने उद्देश्यले यस कम्पनीले ISO 9001:2015 प्रमाणपत्र प्राप्त गरेको छ ।

यसैगरी स्वतन्त्र आन्तरिक लेखापरीक्षक नियुक्त गरी Mango Evaluation System अनुसार मूल्याङ्कन गरिने आन्तरिक लेखापरीक्षण मार्गदर्शन तयार गरिएको छ जसमा १४०० भन्दा बढी सूचक, हरेकको प्राप्ताङ्क र सो प्राप्ताङ्कलाई विभागीय कार्यसम्पादनसँग जोडेर यसलाई जिम्मेवार कर्मचारीको मूल्याङ्कनको आधार बनाउने प्रणाली शुरू गरिएको छ । यस्तै गरी मिति २०७६/०६/१६ मा निम्न सदस्यहरू रहने गरी लेखापरीक्षण समिति गठन भएको ।

क्र.स.	नाम	पद
क)	श्री राजेश कुमार श्रेष्ठ (प्रतिनिधिः नुप्छे लिखु हाइड्रो इन्भेष्टमेन्ट कम्पनी प्रा. लि.)	संयोजक
ख)	श्री भिमसेन कुमार गौतम	सदस्य
ग)	श्री अरूण रजौरिया (प्रतिनिधिः हाईड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड)	सदस्य
घ)	आन्तरिक लेखापरिक्षक	सदस्य
ङ)	वित्त तथा प्रशासन विभाग प्रमुख	सचिव
च)	श्री टि. एन. आचार्य, एफसिए	स्थायी आमन्त्रित सदस्य

यसले कम्पनीको आन्तरिक नियन्त्रण प्रणाली चुस्त र प्रभावकारी बनाउने कुरामा समितिको विश्वास रहेको छ ।

लेखापरीक्षण प्रतिवेदन उपर सञ्चालक समितिको प्रतिकृया

यस कम्पनीले आ.व. २०७४/७५ बाट NFRS (Nepal Financial Reporting Standards) मापदण्ड अनुसार वित्तीय विवरण तयार गरेको छ भने आवश्यक थप सुधार सहित सोही बमोजिम आ.व. २०७८/७९ मा पनि निरन्तरता दिइएको छ ।

लेखापरीक्षण प्रतिवेदनमा नियमित कारोवारमा देखिएका सामान्य कैफियत, प्रतिक्रिया र सुझावहरूमाथि सञ्चालक समितिको ध्यानाकर्षण हुनुका साथै सुधारका निम्ति आवश्यक कदम चालिएको छ ।

